# नेपालको शिक्षा नीति : पुनरावलोकन र भाविदिशा


खगराज बराल

कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र


## लेखसार


**राज्य सञ्चालनका लागि तर्जुमा नीतिलाई सार्वजनिक नीति भनिन्छ । सार्वजनिक नीतिका विभिन्न क्षेत्रहरूमध्ये शिक्षा पनि एक महत्त्वपूर्ण क्षेत्र हो । शिक्षाले नै देश विकासका लागि आवश्यक मानव संसाधनको विकास गर्छ । अन्य क्षेत्रमा जस्तो नेपालको शिक्षा क्षेत्रको एकीकृत नीति छैन । शिक्षा नीतिहरू उपक्षेत्रगत रूपमा छरिएर रहेका छन् । त्यस्ता नीतिगत प्रावधानहरू शिक्षा ऐन, नियम, आवधिक योजना, आयोजना तथा परियोजनाका दस्तावेजहरूमा रहेका छन् । त्यस्ता नीतिहरूले प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, साक्षरता र जीवन पर्यन्त सिकाइ, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, शिक्षक व्यवस्थापन, शिक्षक विकास, विद्यालय शिक्षाको संरचना र सञ्चालन, शिक्षण संस्थाको अनुमति तथा स्वीकृति र गाभ्ने, शिक्षक नियुक्ति र व्यवस्थापन, उच्च शिक्षा जस्ता विभिन्न पक्षहरू समेटेको पाइन्छ । शिक्षा सम्बन्धी नीतिहरू राम्रा रहेको तर तिनीहरूको कार्यान्वयन पक्ष फितलो भएको र तसर्थ शिक्षाले अपेक्षित जनशक्ति विकास गर्न नसकेको वर्तमान परिप्रेक्ष्यमा कार्यान्वयन योग्य नीतिहरूको निर्माण गर्नुपर्ने आवश्यकता छ । त्यस्तै छिरलिएर रहेका उपक्षेत्र गत नीतिले समग्र शिक्षा नीतिको प्रतिनिधित्व गर्न नसक्ने हुनाले अन्य क्षेत्रका जस्तै एकीकृत नीति शिक्षा क्षेत्रमा पनि आवश्यक छ । शिक्षा नीतिमा अब गरिने परिमार्जनमा माथि उल्लिखित पक्षहरूमा स्पष्टता ल्याउनु आवश्यक छ । प्रारम्भिक बाल विकास र पूर्वप्राथमिक शिक्षाको स्पष्ट परिभाषादेखि त्यसको सञ्चालन सम्बन्धी जिम्मेवारी, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको अवधारणागत स्पष्टता, परीक्षा सञ्चालन र व्यवस्थापन, शिक्षक नियुक्ति र विकास, शिक्षकका लागि आवश्यक योग्यता, उच्च शिक्षाका विभिन्न धारहरूको व्यवस्थापन, उच्च शिक्षामा राज्यको लगानीको मात्रा, उच्च शिक्षाका कार्यक्रमहरूमा विदेशी विश्व विद्यालयको सम्बन्धन, माध्यमिक शिक्षाको धार र संरचना आदि सम्बन्धमा स्पष्टताले मात्र शिक्षाको प्रस्ट दृष्टिकोण प्रस्तुत गर्न सक्छ । अब गरिने शिक्षा नीति निर्माण तथा पुनरवलोकनमा भावी सङ्घीय संरचनालाई पनि ध्यान दिनुपर्छ ।**




## विषय प्रवेश

नीति सार्वजनिक चासोको विषय हो । जनताका निम्ति राज्य वा सरकारले गर्नुपर्ने कामको साङ्केतिक दस्तावेज हो । नीति सरकारबाट नै तयार गरिन्छ । नेपालमा नीति निर्माण र पुनरावलोकनको परिपाटी प्रक्रियाका रूपमा रहेको छ । यस लेखमा नेपालका शिक्षा नीतिको सन्दर्भ उल्लेख गर्दै तेरौँ योजना र विद्यालय क्षेत्र सुधार योजनामा उल्लिखित व्यवस्थाको चर्चा गर्दै भावी दिनमा शिक्षा नीतिमा हुनुपर्ने पुनरवलोकनलाई समेट्ने प्रयास गरेको छ । यस लेखमा नीति, शिक्षा नीति, विद्यमान शिक्षा नीतिहरू,

शिक्षा नीतिमा पुनरवलोकनको आवश्यकता, प्रस्तावित पुनरवलोकित नीति उल्लेख गर्दै अन्त्यमा निष्कर्ष समेटिएको छ ।

## नीति

सार्वजनिक नीति राज्य सञ्चालनका निम्ति तर्जुमा गरिन्छ । यसको उद्देश्य राज्यमा लोक कल्याणकारी व्यवस्था स्थापना गर्नु हो । व्यवस्थित राज्य सञ्चालनका निम्ति सार्वजानिक नीति आवश्यक पर्छ । राजनीतिक रूपमा समाजलाई व्यवस्थित गर्नका लागि नीति आवश्यक पर्छ । सरकार आम नागरिकको प्रतिनिधिमूलक संस्था हो । यो कानुनबमोजिम गठन गरिएको हुन्छ । सरकारको चरित्र राजनीतिक प्रकृतिको हुने हुँदा सार्वजनिक नीतिमा त्यसको प्रतिबिम्बन हुने गर्छ । सार्वजनिक नीतिले यसो गर्ने उसो गर्ने भन्ने हुँदा यसले सरकारले जनताका लागि गर्ने कामको स्वरूपलाई देखाउँछ । यस अर्थमा सार्वजनिक नीतिलाई प्रस्तावका रूपमा, सरकारको निर्णयका रूपमा, सरकारले गर्न चाहेको कार्यको अभिव्यक्तिका रूपमा, मार्ग दर्शनका सिद्धान्त र मान्यताका रूपमा, प्रक्रियाका रूपमा, मापदण्डका रूपमा लिन सकिन्छ । राज्य सञ्चालनका क्रममा कानुनमार्फत प्रदत्त अधिकारबमोजिम आम जनताको हितका लागि सरकारद्वारा तर्जुमा गरिएका विभिन्न दस्तावेजहरू सार्वजनिक नीतिले सरकारद्वारा राखीएका उद्देश्यअनुरूप शासन सञ्चालनका लागि आधारभूत मूल्य, मान्यता र मापदण्ड स्थापित गर्दछ । शासन सञ्चालन प्रक्रियामा सरकार र नागरिकको भूमिका स्पष्ट पार्छ । सार्वजनिक नीतिले राज्य सञ्चालनमा उद्देश्यतर्फ क्रियाशील गराउँछ ।

## शिक्षा नीति

सार्वजनिक नीतिको एक महत्त्वपूर्ण क्षेत्र शिक्षा हो । राष्ट्रको समग्र विकास र उन्नतिका लागि आवश्यक पर्ने मानव स्रोत विकास र परिचालनका लागि शिक्षा क्षेत्रको नीति तर्जुमा गरिन्छ । सरकारले राष्ट्रको सामाजिक तथा आर्थिक उन्नति गर्न, जनताप्रतिको शिक्षा सम्बन्धी उत्तरदायित्व तथा प्रतिबद्धता पुरा गर्न समय समयमा प्रतिबद्धता, घोषणा, अठोट, प्रयास आदि शिक्षा नीतिका रूपमा निर्सत हुने गर्दछन् ।

नेपालमा अन्य क्षेत्रका जस्तो शिक्षा नीति एकाइ र प्रणालीमा भेटिँदैन । राष्ट्रिय स्वास्थ्य नीति, उद्योग नीति, पर्यटन नीति, औद्योगिक नीति जस्ता एकीकृत रूपमा एउटै दस्तावेजका रूपमा शिक्षा नीति प्राप्त भएको छैन । शिक्षा नीतिलाई विभिन्न दस्तावेजमा छरिएको पाइन्छ । शिक्षा नीतिलाई संविधान शिक्षा ऐन तथा नियमहरूले निर्देशित गरेको छ । नीतिभन्दा माथि संविधान, शिक्षा ऐन तथा नियमावली हुने भए पनि कतिपय सन्दर्भमा तर्जुमा गरिएका नीतिका आधारमा कानुनमा समेत संशोधनको आवश्यकता पर्छ । औपचारिक शिक्षादेखि अनौपचारिक शिक्षासम्म, प्रारम्भिक बाल विकासदेखि उच्च शिक्षासम्म, सरकारी क्षेत्रदेखि निजी तथा गैरसरकारी क्षेत्रसम्म, राज्य सञ्चालनका आवश्यकतादेखि जनताका अपेक्षासम्म शिक्षा नीतिले समेट्नुपर्ने हुन्छ । यदाकदा विशेष शिक्षा नीति, अनौपचरिक शिक्षा नीति, तालिम नीति जस्ता उपक्षेत्र गत नीतिका दस्तावेजहरू पृथक रूपमा भेटिए पनि एकीकृत र संहिताबद्ध शिक्षा नीतिका रूपमा एउटै दस्तावेजमा पाउन सकिएको छैन ।

## विद्यमान शिक्षा नीतिहरु

शिक्षा क्षेत्रका विद्यमान नीतिहरू शिक्षा ऐन, नियमावली, निर्देशिका आवधिक योजना, आयोजन तथा परियोजनाका दस्तावेजहरूमा पाउन सकिन्छ । विद्यमान शिक्षा नीतिका अवस्था देहायबमोजिम रहेको छ :

### १. प्रारम्भिक बाल विकास र शिक्षा

प्राराम्भिक बाल विकासलाई समन्वयात्मक रूपमा विस्तार गर्ने, बाल विकास केन्द्रहरूको नक्साङ्कन गरी विस्तार गर्नुका साथै पूर्वाधारहरूका सम्बन्धमा तयार गरिएको न्यूनतम् मापदण्ड कार्यान्वयनमा ल्याउने नीतिगत व्यवस्था तेरौं योजनाले गरेको छ । विद्यालय क्षेत्र सुधार योजनाले प्रारम्भिक बाल विकास र शिक्षामा चार वर्ष उमेरका बालबालिकाका लागि सरकारले एक वर्षको प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रमका लागि खर्च व्यहोर्ने, गुणस्तर सुधारलाई प्रमुख रूपमा केन्द्रित गरी माग र आपूर्तिबिच सामान्जस्य कायम गर्दै प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रमको विस्तार गर्ने, अल्पसङ्ख्यकको पहुँचको सुनिश्चितता गर्ने स्थानीय स्तरमा साझेदारी व्यवस्थासहित विभिन्न निकायहरूको उत्तर दायित्व तोक्ने, अन्तर मन्त्रालय समन्वय गर्ने, समुदायमा आधारित प्रारम्भिक बाल विकासलाई नजिकको विद्यालयसँग आवद्ध गर्ने, बाल विकासमा मातृभाषामा सिक्न पाउने अधिकार सुनिश्चित गर्ने, स्थानीय स्तरको क्षमता वृद्धि गर्ने जस्ता नीतिगत व्यवस्था गरेको छ ।

### २. आधारभूत शिक्षा

आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गर्ने, निःशुल्क अनिवार्य आधारभूत शिक्षमा पहुँच विस्तार गर्न वैकल्पिक शिक्षाका कार्यक्रमहरूलाई व्यवस्थित र समन्वयात्मक ढङ्गले कार्यान्वयन गर्ने नीतिगत व्यवस्था तेरौं योजनामा गरिएको छ ।

अनिर्वाय आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने, विद्यालयमा न्यूनतम् सक्षमताका अवस्थाको परिपूर्ति गर्ने, स्थानीय पाठ्यक्रमको निर्माण गर्ने, निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्ने, विद्यालय व्यवस्थापनमा विद्यालय, समुदाय र स्थानीय सरकारको साझा जिम्मेवारी तोक्ने, अनिवार्य शिक्षा सम्बन्धी कानुन लागु भएका दिनदेखि उपयुक्त उमेर भएका बालबालिकालाई मात्र भर्ना गर्ने, आधारभूत शिक्षालाई १-३, १-५ र १-८ मा एकीकृत गर्ने कुरा विद्यालय क्षेत्र सुधार योजनामा गरिएको छ ।

### ३. माध्यमिक शिक्षा

माध्यमिक तह (९-१२) को एकीकृत शिक्षा पद्धतिको प्रभावकारी कार्यान्वयन गर्ने, माध्यमिक (९-१२) मा समतामूलक पहुँच सुनिश्चित गर्न नक्साङ्कनका आधारमा विद्यालय विस्तार गरी क्रमशः निःशुल्क गरिने र विज्ञान शिक्षामा सबै वर्ग, समुदाय र क्षेत्रका विद्यार्थीको पहुँच वृद्धि गर्ने जस्ता

नीतिगत व्यवस्था तेरौँ योजनामा गरिएको छ । विद्यालय क्षेत्र सुधार योजनामा निःशुल्क माध्यमिक शिक्षाको क्रमशः विस्तार गर्ने, माध्यमिक शिक्षाको प्रशासन र व्यवस्थापनमा केन्द्र र स्थानीय सरकारको साझा जिम्मेवारी बनाउने, पिछडिएका परिवारका बालबालिकाका लागि पहुँच र सहभागिता कार्यक्रम ल्याउने, माध्यमिक शिक्षामा पहुँचको सुनिश्चितता गर्न निजी क्षेत्रका सेवा प्रदायकहरूसँग साझेदारीलाई प्रवर्धन गर्ने, पिछडिएका समूहको शिक्षक सेवामा सहभागिता बढाउन सकारात्मक विभेद नीतिअन्तर्गत पिछडिएका समूहबाट प्रधानाध्यापक नियुक्ति गर्ने विद्यालयलाई प्रोत्साहन दिने, नियुक्तिमा कोटा प्रथा लागु गर्ने, शिक्षक नियुक्तिका लागि विशेष ग्राह्यताका आधारहरू तयार गर्ने, माध्यमिक शिक्षा कार्यक्रमको पूर्ण एकीकरण गरिने, माध्यमिक शिक्षाका मापदण्ड निमार्ण गर्ने, शिक्षक पदमा नियुक्ति र पुनर्ताजगी तालिमलाई अनिवार्य बनाइने विद्यालयले स्थानीय स्रोतको परिचालन गर्ने, न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित हुने २०७२/२०७३ सम्ममा सबै माध्यमिक विद्यालयहरूमा छुट्टै प्रधानाध्यापक पदको व्यवस्था गरिने, राष्ट्रिय परीक्षा बोर्डको मातहतमा र निर्देशनमा तिन स्तरमा परीक्षाको सञ्चालन हुने, माध्यमिक तहमा दुई ओटा प्रमाणपत्र (साधारण र प्राविधिक) जारी गरिने जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

### ४.साक्षरता र जीवन पर्यन्त सिकाइ

तेरौँ योजनाले साक्षरतालाई उत्पादकत्वसँग आवद्ध गरी अभियानका रूपमा सञ्चालन गर्ने, साक्षर नेपाल अभियानलाई प्रभावकारी बनाउन सबै सरोकारवालाहरूलाई परिचालन गरिने, साक्षरता र साक्षरोत्तर कार्यक्रममार्फत कम्तीमा ६० वर्षमुनिका सबैलाई साक्षर बनाउने उल्लेख गरिएको छ । यस्तै, विद्यालय क्षेत्र सुधार योजनाले राष्ट्रिय साक्षरता अभियानको पूरकका रूपमा साक्षरता र जीवन पर्यन्त सिकाइका कार्यक्रम कार्यान्वयनमा ल्याइने, सबै स्थानीय सरकारका एकाइहरूले साक्षरता तथा साक्षरोत्तर र जीवन पर्यन्त सिकाइको योजना बनाउने । जीवनोपयोगी सिपका तालिम तथा लघु ऋण जस्ता साक्षरोत्तर कार्यक्रमलाई पिछडिएका समूहमा लक्षित गरिने, स्थानीय भाषामा मातृभाषाका कोर्सहरू लागु गरिने, साक्षरता तथा साक्षरोत्तर र जीवन पर्यन्त सिकाइका लागि स्थानीय स्तरीय योजनालाई सुदृढ बनाउने उल्लेख गरिएको छ ।

### ५.प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

तेरौँ योजानाले प्राविधिक र व्यावसायिक शिक्षाको क्षेत्रमा लगानी तथा अवसरमा विस्तार गर्ने, निजी क्षेत्र, गैर सरकारी क्षेत्र, स्थानीय र विकास साझेदारीसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरू विस्तार गर्ने, कक्षा ९ देखि आरम्भ भएको प्राविधिक तथा व्यावसायिक शिक्षासहितको दुई धारको माध्यमिक शिक्षालाई परीक्षणबाट प्राप्त नतिजाका आधारमा विस्तार गर्ने, राष्ट्रिय व्यावसायिक योग्यताको रूपरेखा तयार गरी विभिन्न विधा र तहका विद्यार्थीलाई उच्च शिक्षासम्म अध्ययन गर्ने अवसर प्रदान गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति, कार्यक्रम र लगानीलाई समन्वय गर्न संस्थागत तथा वित्तीय औजारको विधाहरू विकास र प्रयोग गरिने, उच्च तथा प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीलाई सामाजिकीकरण गर्न र

सेवा प्रवाह पद्धतिको अनुभव दिलाउन स्वयम्सेवकका रूपमा अध्ययनसँग सम्बन्धित कार्य क्षेत्रमा तोकिएबमोजिमको अवधिका लागि खटाइने उल्लेख गरेको छ । यस्तै, विद्यालय क्षेत्र सुधार योजनाले माध्यमिक तहका विद्यार्थीमा प्राविधिक शिक्षा तथा व्यावसायिक धार र साधारण धारबिच लम्बीय र समतलीय समन्वय कायम गर्दै अनौपचारिक र प्राविधिक शिक्षाका सिकारुहरू दुवैतर्फ आउन जान सक्ने व्यवस्था मिलाउने, व्यावसायिक तथा प्राविधिक शिक्षाका अवधारणाहरू कक्षा ६ बाट सुरु गर्ने, सामुदायिक विद्यालयका एनेक्स, छानिएका जिल्लाका विशिष्टीकृत सिपसहितका ट्रेड स्कुलहरूको निरन्तरता हुने उल्लेख गरेको छ ।

## ६. शिक्षक पेसागत विकास र व्यवस्थापन

तेरौँ योजनाले शिक्षक व्यवस्थापनका सन्दर्भमा शिक्षक पुनर्मिलानका साथै विद्यार्थी र शिक्षक सङ्ख्यामा समायोजन गर्ने नीतिगत व्यवस्था गरेको छ । विद्यालय क्षेत्र सुधार योजनामा उल्लिखित नीतिगत व्यवस्थामा शिक्षक नियुक्ति प्रक्रिया स्थानीय स्तरमा विकेन्द्रित गर्ने, खाली दरबन्दी पूर्ति गर्दा महिला, दलित तथा अन्य पिछडिएका समूहलाई प्राथमिकता दिने, शिक्षकको वृत्ति विकासलाई आधारभूत तह र माध्यमिक तहमा वर्गीकरण गर्ने, आधारभूत तहका लागि कक्षा १२ वा सो सरह र माध्यमिक तहका लागि एमएड वा सो सरह योग्यता निधार्रण गरिने, शिक्षकको पेसागत वृत्ति विकासमा नव प्रवेशी, अनुभवी, निपूर्ण र विशेषज्ञ गरी चार तह हुने, योग्यता बढाउनुभन्दा स्वैच्छिक अवकाश लिन चाहने शिक्षकका लागि प्रोत्साहन प्याकेज उपलब्ध गराउने रहेका छन् ।

तेरौँयोजनाले मातृभाषाका पाठ्य सामग्री तथा शिक्षकहरूको विकास गरी मागबमोजिम बहुभाषिक शिक्षाका अवसरहरूको विकास गर्ने उल्लेख गरेको छ । सबै तहका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न पेसागत तालिमहरूलाई अवसरहरू प्रदान गरिने, शिक्षामा उत्कृष्ट नतिजा हासिल गरेका प्रतिभाहरूलाई शिक्षण पेसामा अवसरहरू प्रदान गरिने, शिक्षक नियुक्तिमा योग्यतम् व्यक्तिलाई आकर्षित गरी अझै प्रतिस्पर्धी बनाउन हालको न्यूनतम् शैक्षिक योग्यतालाई पुरवलोकन गरिने उल्लेख छ । विद्यालय क्षेत्र सुधार योजनाले शिक्षकका लागि न्यूनतम् शैक्षिक योग्यताका अतिरिक्त एक बर्से शिक्षक विकास कोर्स तयार गर्ने, माथिल्लो वा थप योग्यता भएका शिक्षकहरू सम्बन्धित तहमा छिटो बढुवा हुन योग्य हुने, शिक्षकहरूले प्रत्येक ५ वर्षमा कम्तीमा एक पल्ट एक महिने सेवाकालीन तालिम लिनुपर्ने, लामो र छोटो अवधिबाट प्राप्त तालिमलाई वृत्ति विकाससँग आवद्ध गरी शिक्षकको पेसागत विकास गरिने, प्रधानाध्यापकले तयारी कोर्स लिने र न्यूनतम् योग्यता आधारभूत र माध्यमिक तहमा क्रमशः बिएड र एमएड प्राप्त गरेको हुने जस्ता नीतिगत व्यवस्था गरेको छ ।

## ७. विद्यालय शिक्षाको संरचना र सञ्चालन

विद्यालय क्षेत्र सुधार योजना र तिन वर्षीयदेखि त्रिवर्षीय योजनासम्मका आवधिक योजनाहरूले कानुनमा संशोधन गरी कक्षा १ देखि ८ सम्मलाई आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको संरचनामा राख्ने उल्लेख गरेका थिए । तेरौँ योजनाले पनि प्रमुख नतिजाहरूमा स्रोत विनियोजन

गर्दै विद्यालय क्षेत्र सुधार कार्यक्रम (कक्षा १-१२) को कार्यान्वयनलाई प्रभावकारी बनाइने उल्लेख गरेको छ । विद्यालयको स्तर वृद्धि, समायोजन, स्तर मिलान, विद्यालय गाभ्ने कार्य पनि विद्यालय क्षेत्र सुधार योजनामा तोकिएको छ । विद्यालयमा अधिकतम् विद्यार्थी सङ्ख्या, भौतिक वातावरण, शैक्षिक वातावरण, शिक्षक विद्यार्थी अनुपात, पुस्तकालय, शिक्षणको माध्यम, निरन्तर मूल्याङ्कन प्रणाली, मूल्याङ्कनमा साङ्केतिक अक्षर प्रणाली, बहु पाठ्यपुस्तक पद्धति, शैक्षिक गुणस्तर सम्बन्धी मापदण्ड आदि विद्यालय सुधार योजनामा तोकिएको छ । तेरौँयोजनाले शिक्षक पुनर्मिलानका साथै विद्यार्थी र शिक्षक सङ्ख्यामा समायोजन गरिने नीतिगत व्यवस्था गरेको छ ।

### ८.शिक्षण संस्था अनुमति तथा स्वीकृति र गाभ्ने

विद्यालय अनुमति तथा स्वीकृति दिने व्यवस्था शिक्षा ऐन तथा नियमवलीमा गरिएको छ । प्राथमिक र निम्न माध्यमिक विद्यालय खोल्ने अनुमति जिल्ला शिक्षा अधिकारी र माध्यमिक विद्यालय खोल्ने अनुमति क्षेत्रीय शिक्षा निर्देशकलाई अधिकार दिइएको छ । विद्यालय खोल्नका लागि निश्चित पूर्वाधार तयार गर्नु पर्ने लगायतका सर्त बन्जेज पालना गर्नु पर्ने शर्त तोकिएका छन् । उच्च माध्यमिक तहको हकमा जिल्ला शिक्षा समितिको र शिक्षा विभागको सिफारिसमा उच्च माध्यमिक शिक्षा परिषद्ले विद्यालय खोल्न अस्थायी सम्बन्धन र स्थायी सम्बन्धन दिने कानुनी व्यवस्था छ । उच्च शिक्षाको हकमा फरक फरक नीतिगत व्यवस्था रहेको छ । आङ्गिक र सम्बन्धन प्राप्त कलेज र क्याम्पसको अनुमति सम्बन्धित विश्व विद्यालयले नै दिने र विदेशी विश्व विद्यालयबाट सम्बन्धन लिई नेपालमा कलेज खोल्न चाहने संस्थाले शिक्षा मन्त्रलयबाट अनुमति लिनु पर्ने नीतिगत प्रावधान छ । नेपालका विश्व विद्यालयबाट प्राविधिक शिक्षामा कलेज चलाउन चाहने संस्थाले शिक्षा मन्त्रालयबाट आशय पत्र प्राप्त गरी सम्बन्धित विश्व विद्यालयबाट सम्बन्धन लिनुपर्ने नीतिगत व्यवस्था गरिएको छ ।

### ९.शिक्षक नियुक्ति र व्यवस्थापन

विद्यालय तहको शिक्षकको नियुक्ति र व्यवस्थापनमा अस्थायी, राहत, निजी स्रोतका हकमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई नै अधिकार दिइएको छ । स्थायी शिक्षक पदको हकमा शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षकलाई जिल्ला शिक्षा कार्यालयले पदस्थापन गर्ने कानुनी व्यवस्था छ । प्राथमिक तहको विज्ञापन जिल्लागत रूपमा र निम्न तथा माध्यमिक तहको विज्ञापन जिल्लागत, विषयगत र क्षेत्रगत रूपमा गर्ने कानुनी प्रावधान रहेको छ । शिक्षकको सरूवाका लागि दुवै विद्यालयका व्यवथापन समितिको सिफारिससहित शिक्षकले निवेदन दिएमा विषय र तोकिएको अध्यापन गरेको अवधि पुरा भएमा स्थायी शिक्षकलाई जिल्ला शिक्षा अधिकारीले सरुवा गर्ने कानुनी व्यवस्था गरिएको छ ।

### १०.उच्च शिक्षा

उच्च शिक्षा सम्बन्धमा आवधिक योजनाहरू र सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा अभिव्यक्त भावना बाहेक छुट्टै नीतिगत व्यवस्था भएको पाइँदैन । तेरौँ योजनाले उच्च तथा प्राविधिक

शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई स्वयम् सेवकका रूपमा अध्ययनसँग सम्बन्धित कार्य क्षेत्रमा तोकिएबमोजिमको अवधिका लागि खटाउने, एकीकृत उच्च शिक्षा नीति र उच्च शिक्षा ऐन जारी गरी उच्च शिक्षामा विविधीकरण, गुणस्तरमा सुनिश्चितता र प्रभावकारी नियमन गरिने, विदेशी शिक्षण संस्थाहरूसँग आवद्ध भई सञ्चालनमा रहेमा शैक्षिक संस्थाहरूलाई नियमन गरिने, मानित विश्व विद्यालय र खुला विश्व विद्यालयको अवधारणालाई प्रोत्साहित गर्नुका साथै कानुनी संरचनामा सुधार गरी कार्यान्वयन गरिने, अनुसन्धानलाई उच्च शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्दै लगिने, अनुसन्धान केन्द्र, मानित तथा खुला विश्व विद्यालयको स्थापना एवम् सम्बन्धनका लागि कार्यविधि बनाई कार्यान्वयन गरिने जस्ता नीतिगत व्यवस्था गरेको छ ।

## शिक्षा नीतिमा पुनरवलोकनको आवश्यकता

नीतिहरू कार्यान्वयनका लागि तर्जुमा गरिन्छन् । कार्यान्वयन नहुने नीतिको दस्तावेजीय अर्थबाहेक देश र जनताका लागि केही माने हुँदैन । नेपालमा नीतिहरूको तर्जुमा राम्रो हुने तर कार्यान्वयन पक्ष फितलो र दिगो नहुने गरेको भन्ने भनाइ व्यापक रूपमा सुनिने गरेको छ । शिक्षा नीति पनि यसबाट मुक्त हुन सकेको छैनन् । नेपालमा आवधिक योजनाको सुरुवातसँगै शिक्षाका नीतिहरू आवधिक योजनामा उल्लेख हुँदै आए । शिक्षाका विभिन्न आयोगहरूले गरेका सिफारिसका आधारमा बनेका योजनाहरू र देशले समय समयमा सञ्चालन गरेका आयोजना तथा परियोजनाहरूमा शिक्षा सम्बन्धी नीतिहरू उल्लिखित हुँदै आएका छन् । यी नीतिहरू अधिकांश त कार्यान्वयन हुन सकेका छैनन् । आयोजना तथा परियोजनाको कार्यान्वयन अवधि समाप्तिपछि नीतिहरू पनि विस्तारै हराउँदै गएको पाइन्छ । विद्यमान शिक्षा नीति व्यावहारिक रूपमा कार्यान्वयन हुन नसक्नाका विविध कारण हुन सक्छन् । कार्यान्वयन हुन नसक्ने र नहुने नीतिमा पुनरवलोकनको खाँचो छ । शिक्षा नीतिमा पुनरवलोकन गर्नु पर्नाका कारणहरू निम्नानुसार रहेका छन् :

१. शिक्षा सम्बन्धी एकीकृत नीतिको अभाव छ । छिरलिएका उपक्षेत्रगत नीतिले समग्र शिक्षा नीतिको प्रतिनिधित्व गर्न सक्दैनन् । पर्यटन नीति, वित्तीय नीति, औद्योगिक नीति, स्वास्थ्य नीति जस्ता क्षेत्रगत रूपमा एकीकृत नीतिको आवश्यकता परेकाले विद्यमान शिक्षा नीतिहरूमा पुनरवलोकन गरी एकीकृत शिक्षा नीति तर्जुमा गर्नु आवश्यक छ ।

२. प्रारम्भिक बाल विकास केन्द्र र पूर्व प्राथमिक शिक्षा विद्यालय संरचनामा राख्ने कि नराख्ने, यसलाई अनिवार्य बनाउने कि स्वैच्छिक गर्ने, यसलाई शिक्षा मन्त्रालयको कार्य क्षेत्रमा राख्ने कि स्थानीय निकायको कार्य क्षेत्रमा राख्ने, यसलाई समुदायमा आधारित वा स्थानीय निकायमा आधारित वा विद्यालयमा आधारित के बनाउने, प्रारम्भिक बाल विकास केन्द्र भन्ने कि पूर्व प्राथमिक शिक्षा भन्ने, यसका लागि सहयोगी कार्यकर्ता वा सिकाइ सहजकर्ता कति योग्यताको राख्ने, यस्ता सहजकर्ताको सेवा सुविधा के हुने, संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षालाई कुन दायरामा राख्ने, यस शिक्षामा अभिभावक र सरकारको भूमिका के हुने, साझेदारीको नमुना कस्तो हुने, खर्चको प्रबन्ध कसले कति व्यहोर्ने, प्रारम्भिक बाल विकास केन्द्र र पूर्व प्राथमिक शिक्षामा

विद्यालयको भौतिक संरचना, सुरक्षा व्यवस्था कस्तो हुने जस्ता नीतिगत सवालमा स्पष्टता छैन । विद्यमान नीतिमा स्पष्टता नदेखिएकाले स्पष्टताका लागि पनि शिक्षा नीतिमा पुरवलोकनको खाँचो देखिन्छ ।

३. आधारभूत शिक्षा निःशुल्क गर्दा यसको परिभाषा के हुने, निःशुल्क शिक्षामा केके पर्ने, अनिवार्य शिक्षा कतिसम्म हुने, अनिवार्य शिक्षाको कार्यान्वयन कसरी गर्ने, विद्यालय आउन नसक्ने बाल बालिकाका लागि अवसरको मूल्य के हुने, नर्म्सअनुसार विद्यार्थी नहुने विद्यालयलाई कसरी समायोजन गर्ने, अनिवार्य शिक्षा र निःशुल्क शिक्षाबिच के अन्तर हुने, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि स्थानीय निकाय, अभिभावक, सरकारको भूमिका के हुने, बालबालिकालाई विद्यालय नपठाउने अभिभावकका लागि के हुने, पठाउनै नसक्ने परिवारका लागि विशेष व्यवस्था के गर्ने जस्ता प्रश्नको जवाफ हालका नीतिगत व्यवस्थाले स्पष्ट दिन सकेका छैनन् । नेपालले अनिवार्य तथा निःशुल्क शिक्षाप्रति देखाएको प्रतिबद्धतालाई कार्यान्वयन गर्न विद्यमान नीतिमा पुनरवलोकन गरी स्पष्ट नीतिको तर्जुमा गर्नु पर्ने आवश्यकता देखिएको छ ।

४. माध्यमिक शिक्षाको संरचना कस्तो हुने, माध्यमिक तहको विस्तार कति कक्षासम्म हुने, माध्यमिक तहको शिक्षालाई कति हदसम्म निःशुल्क गर्ने, निःशुल्क शिक्षामा के के पर्ने, माध्यमिक शिक्षाको धार के हुने, माध्यमिक तहमा प्राविधिक शिक्षाको अवस्था के हुने, माध्यमिक शिक्षाको कार्यान्वयनका लागि अभिभावक, स्थानीय निकाय र सरकारको भूमिका के हुने, विद्यालय तहको अन्त्यमा कस्तो परीक्षा लिने, निःशुल्क आधारभूत शिक्षापछि माध्यमिक शिक्षाको व्यवस्थापन कसरी गर्ने, एकीकृत माध्यमिक शिक्षा कसरी सञ्चालन गर्ने, माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षालाई कसरी व्यवस्थापन गर्ने, विद्यालय शिक्षाको अन्तिम तहमा कस्तो किसिमको सार्वजनिक परीक्षा सञ्चालन गर्ने जस्ता विषयमा स्पष्ट नीतिगत व्यवस्था हुनु आवश्यक देखिन्छ ।

५. साक्षरता कार्यक्रमको निरन्तरता के हुने, साक्षर नेपाल अभियानपश्चातका कार्यक्रम के हुने, साक्षरतालाई कसरी सिप र व्यवसायसँग जोड्ने, निरन्तर शिक्षाका लागि कस्तो अभियान सञ्चालन गर्ने, साक्षरता तथा निरन्तर शिक्षामा सञ्चालनको मुख्य जिम्मेवार निकाय कुन हुने, साक्षरता तथा निरन्तर शिक्षामा स्थानीय निकाय र सरकारको र भूमिका के हुने, साक्षरता तथा निरन्तर शिक्षामा अन्तर मन्त्रालय र स्थानीय तहका निकायबिचको समन्वय र सहकार्य कस्तो हुने, साक्षरताको भाषा कुन हुने, वैकल्पिक शिक्षाको मोडल कस्तो हुने, साक्षरता तथा निरन्तर शिक्षा आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग कसरी जोड्ने, हाल सञ्चालित साक्षरताका नमुनालाई समय सान्दर्भिक कसरी बनाउने, सामुदायिक अध्ययन केन्द्रको भूमिका कस्तो हुने जस्ता नीतिगत प्रश्नका जवाफ आवश्यक देखिएको छ ।

६. प्राविधिक शिक्षालाई शिक्षाको कुन तहबाट सुरु गर्ने, विद्यालय तहमा कस्तो प्रकृतिको प्राविधिक शिक्षा दिने, साधारण र प्राविधिक शिक्षाबिचको सहसम्बन्ध कसरी कायम गर्ने, प्राविधिक शिक्षा र देशको आवश्यकताबिच कसरी तालमेल मिलाउने, उच्च तहसम्म प्राविधिक शिक्षाको सञ्चालन

कसरी गर्ने, प्राविधिक शिक्षा अध्ययन गर्न चाहनेलाई छात्रवृत्तिको व्यवस्था कसरी गर्ने, प्राविधिक शिक्षालाई उद्योग तथा व्यवसायसँग कसरी समन्वय गर्ने, मुलुकको श्रम बजार र श्रम शक्ति सूचना प्रणालीको सहसम्बन्ध कसरी कायम गर्ने, प्राविधिक शिक्षा सञ्चालनमा स्थानीय निकाय र सरकारको भूमिका कस्तो हुने, प्राविधिक शिक्षाको वित्तीय व्यवस्थापन कसरी गर्ने, प्राविधिक शिक्षाको गुणस्तर नियन्त्रकको व्यवस्थापन कसरी गर्ने जस्ता नीतिगत प्रश्न अफै अनुत्तरित छन् ।

व्यावसायिक तालिमका एकद्वार नीति कस्तो हुने, विभिन्न क्षेत्र र उपक्षेत्रहरूबाट सञ्चालित व्यावसायिक तालिमको एकरूपता र समन्वय कसरी गर्ने, देशलाई अति आवश्यक पर्ने श्रमिकहरूको अनुमान र सोबमोजिम तालिम कसरी सञ्चालन गर्ने, व्यावसायिक तालिमको अवसर कसरी बढाउने, न्यून आय र गरिबीका रेखामुनिका जनताका लागि निःशुल्क व्यावसायिक तालिमको अवसर कसरी सिर्जना गर्ने, परम्परागत र अभ्यासमार्फत सिकिएका व्यावसायिक सिपलाई कसरी आधुनिकीकरण गर्ने र सिप प्रमाणीकरण गर्ने, राष्ट्रिय व्यावसायिक योग्यता ढाँचा कस्तो हुने, सिपको सक्षमताका आधारमा माथिल्लो तहको सिप सिक्ने वातावरण कसरी मिलाउने जस्ता विषयमा नीतिगत जवाफ आवश्यक छ ।

७. शिक्षकको उत्पादन तथा विकासको जिम्मेवारीलाई कसरी पुनर्परिभाषित गर्ने, विश्व विद्यालयबाट हाल उत्पादित जनशक्ति समय सान्दर्भिक नभएकाले विश्व विद्यालयको कोर्स तथा कार्यक्रममा कसरी परिवर्तन गर्ने, शिक्षण अध्यापन अनुमति पत्र र शिक्षक नियुक्तिको व्यवस्था एकै निकायबाट हुने वर्तमान परिपाटीलाई कसरी हटाउने, शिक्षण अध्यापन अनुमति पत्र प्रदान गर्ने जिम्मेवार निकाय नेपाल शिक्षक परिषद् कसरी बनाउने, न्यूनतम् योग्यतापश्चात शिक्षक तयारी कोर्सलाई कति वर्षको बनाउने, शिक्षक छनोटलाई कसरी विकेन्द्रित गरी स्थानीय तहमा लैजाने, शिक्षण कार्यलाई कसरी पेसाका रूपमा स्थापित गर्ने, शिक्षण पेसामा विश्व विद्यालयका उत्कृष्ट उत्पादनलाई कसरी आकर्षण गर्ने, शिक्षकको सेवा सुविधा अन्य पेसाको भन्दा बढी आकर्षक कसरी बनाउने, शिक्षण पेसालाई कसरी समाजको सम्मानित पेसा बनाउने, शिक्षक उत्पादन र विकासमा विश्व विद्यालय, शैक्षिक प्रतिष्ठान र सरकारको भूमिका के के हुने, शिक्षकको सेवा प्रवेश तालिमलाई समर्पित शिक्षक विकासका रूपमा कसरी लैजाने, शिक्षक तालिमलाई कसरी रहरको विषय बनाउने, शिक्षक तालिमलाई कसरी वृत्ति विकाससँग जोड्ने, शिक्षकलाई सेवा अवधिमा योग्यता वृद्धिका अवसर कसरी उपलब्ध गराउने, निरन्तर पेसागत विकासको मोडल कस्तो हुने, शिक्षण पेसामा योग्य, समर्पित, कर्तव्यनिष्ठ व्यक्तिहरूको पहुँच कसरी बढाउने जस्ता नीतिगत विषयमा स्पष्ट हुनु जरुरी छ ।

शिक्षक व्यवस्थापन केन्द्रीय हुने कि स्थानीय हुने, विविध किसिमका शिक्षकको अभ्यासलाई कसरी न्यूनीकरण गरी एक रूपता कायम गर्ने, शिक्षक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समिति, स्थानीय निकाय, शिक्षा मन्त्रालय र यसका निकायहरू, केन्द्रीय सरकारको भूमिका के हुने, शिक्षकलाई कसरी विद्यार्थीको उपलिब्धप्रति जिम्मेवार र जवाफदेही बनाउने, शिक्षकलाई अभिभावक, स्थानीय निकायप्रति कसरी उत्तरदायी बनाउने, शिक्षकको सरुवालाई कसरी व्यवस्थित बनाउने, निश्चित

अवधिपश्चात् शिक्षकको सरुवाका लागि कस्तो आधार बनाउने, शिक्षक बढुवालाई कसरी पारदर्शी बनाउने, योग्य र मेहनती शिक्षकको छोटो बाटोबाट कसरी पदोन्नति हुने व्यवस्था गर्ने, शिक्षकमा आफ्नो काम शिक्षण सिकाइ मात्र हो भन्ने भावना कसरी जागृत गर्ने, शिक्षकको अन्य क्षेत्रतिरको संलग्नता कसरी न्यून गर्ने, शिक्षण पेसाबाट स्वैच्छिक अवकाशलाई कसरी आकर्षक बनाउने, अवकाश प्राप्त दक्ष शिक्षकको उपयोग कसरी गर्ने जस्ता नीतिगत सवालमा स्पष्टता आवश्यक छ ।

८. विद्यालय शिक्षाको संरचना कस्तो हुने, विद्यालय तहदेखि विश्व विद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षाको संरचना कस्तो हुने, सबै तहको शिक्षाको सहसम्बन्ध कस्तो हुने, विद्यालय तथा विश्व विद्यालयको सेवा क्षेत्रलाई कसरी परिभाषित गर्ने, क्षेत्रीय विश्व विद्यालयको सेवा क्षेत्र कति हुने, विद्यालय तथा विश्व विद्यालयको न्यूनतम् भौतिक पूर्वाधार के हुने, शिक्षक विद्यार्थी अनुपात कति हुने, न्यून विद्यार्थी भएका कस्ता कस्ता विद्यालयलाई गाभ्ने र समायोजन गर्ने, विद्यालय तथा विश्व विद्यालयमा पुस्तकालय र प्रयोगशालाको अवस्था कस्तो हुने, मूल्याङ्कन प्रणाली कस्तो हुने, एक विद्यालय वा विश्व विद्यालयको परीक्षा तथा मूल्याङ्कन प्रणालीलाई अर्को विद्यालय वा विश्व विद्यालयसँग कसरी समन्वय गर्ने, विद्यालय तहको पाठ्यपुस्तक एकल वा बहु के गर्ने, पाठ्यक्रममा राष्ट्रिय आवश्यकता र एकरूपता कसरी कायम गर्ने, शिक्षाको गुणस्तर कसरी कायम गर्ने, विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षण कसरी गर्ने, विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षणको नतिजालाई कसरी उपयोग गर्ने, संस्थागत विद्यालय र सामुदायिक विद्यालयबिचको दुरीलाई कसरी घटाउने, संस्थागत तथा सामुदायिक विद्यालयबिच संस्थागत सहयोगको वातावरण कसरी तयार गर्ने, मूल्याङ्कन प्रणालीमा अक्षराङ्कन पद्धति कसरी कायम गर्ने, विद्यालय व्यवस्थापन समितिको अधिकार क्षेत्र कति हुने, विद्यालय सञ्चालन र व्यवस्थापनमा अभिभावक र स्थानीय निकायलाई कसरी सहभागी गराउने, विद्यालय सञ्चालनमा केन्द्रको भूमिका के हुने जस्ता विद्यालय सञ्चालन र व्यवस्थापन सम्बन्धी नीतिगत प्रावधानमा स्पष्ट हुनु जरुरी छ ।

९. शिक्षण संस्था सञ्चालनको अनुमति कस्तो हुने, हाल नीति नियम विपरीत खोलिएका र सञ्चालनमा रहेका शिक्षण संस्थालाई कसरी व्यवस्थित गर्ने, विद्यार्थी सङ्ख्या नभएका र नियमानुसार नपुगेका शिक्षण संस्थालाई गाभ्ने वा खारेज गर्ने कार्य कसरी अगाडि बढाउने, कस्तो अवस्थामा शिक्षण संस्था खोल्न अनुमति दिने र कस्तो अवस्थामा खारेज गर्ने, नेपाल सरकारको अनुमति विना सञ्चालित वैदेशिक शिक्षण संस्थालाई कसरी व्यवस्थित गर्ने र सञ्चालन गर्न अनुमति दिने वा नदिने, कस्तो अवस्थामा मात्र दिने जस्ता नीतिगत विषयमा विद्यमान दुविधा हटाएर स्पष्ट नीतिगत व्यवस्था गर्नु जरुरी भएको छ ।

१०. उच्च शिक्षा अध्ययनको अवसर कसरी क्षमताको आधारमा प्रदान गर्ने, उच्च शिक्षालाई कसरी प्रतिस्पर्धी र गुणस्तरीय बनाउने, उच्च शिक्षाका पहुँच, समता, गुणस्तर र व्यवस्थापनका क्षेत्रमा विद्यमान विविध समस्या तथा चुनौतीहरूलाई कसरी सम्बोधन गर्ने, उच्च शिक्षामा भइरहेको शैक्षिक संस्थाको वृद्धिलाई कसरी नियन्त्रण गर्ने, उच्च शिक्षामा स्रोत परिचालन एवम् व्यवस्थापनको प्रभावकारी योजना, कार्यान्वयन र नियमन सम्बन्धी व्यवस्था कसरी गर्ने, विश्व विद्यालयहरूबिचको

सहसम्बन्ध कसरी कायम गर्ने, उच्च शिक्षा सञ्चालन र व्यवस्थापनमा स्थानीय निकाय, अभिभावक, सरकारको भूमिकालाई कसरी परिभाषित गर्ने, आन्तरिक स्रोतको परिचालन गरी उच्च शिक्षालाई सरकारी, सामुदायिक एवम् निजी लगानीको उपयुक्त थलो कसरी बनाउने, त्रिभुवन विश्व विद्यालयलाई स्वतन्त्र राख्ने कि राज्यको विश्व विद्यालय बनाउने, त्रिभुवन विश्व विद्यालयले एकमुष्ठ अनुदान लिएर नपुगेको आफैँले व्यहोर्ने कि हरेक शीर्षकगत निकासा लिएर सरकारको मातहतको विश्व विद्यालय बन्ने, विश्व विद्यालयले सरकारको मुख ताक्ने कि आफैँ आर्जन गरी सञ्चालन गर्ने, हालको उच्च शिक्षालाई देश विकासको आवश्यकता अनुरूप सान्दर्भिक कसरी बढाउने, उच्च शिक्षालाई नितान्त प्राज्ञिक स्थल बनाई राजनीतिक गतिविधिबाट कसरी टाढा राख्ने, विश्व विद्यालयहरू बिच अन्तरसम्बन्ध कसरी कायम गर्ने, स्वदेशी तथा विदेशी विश्व विद्यालयबाट सम्बन्धन दिने र लिने कार्यमा कसरी एकरूपता कायम गर्ने, विश्व विद्यालयबाट प्रदान गरिने योग्यता र उपाधिमा कसरी र कस्तो एकरूपता कायम गर्ने जस्ता नीतिगत सवालहरूमा स्पष्टता जरुरी छ ।

## प्रस्तावित पुनरवलोकित नीति

१. शिक्षासम्बन्धी एकीकृत नीति निर्माण गरिनुपर्छ । यस नीतिमा पूर्व प्राथमिक शिक्षादेखि उच्च शिक्षासम्मका नीतिहरू समावेश हुनुपर्छ । शिक्षालाई आधुनिक, वैज्ञानिक, जनमुखी, रोजगारीमूलक, व्यावसायिक तथा प्राविधिक बनाउने किसिमको नीतिगत व्यवस्था हुनुपर्छ । अन्तर्राष्टि«य स्तरको प्रतिस्पर्धा गर्न सक्ने, अङ्ग्रेजी भाषामा दक्ष, स्वरोजगार क्षमतायुक्त, सुसंस्कृत, सुसूचित, सूचना तथा सञ्चार प्रविधिमा सक्षम, नवीन प्रविधिले युक्त, एक्काईसौं शताब्दीको माग र आवश्यकतालाई सम्बोधन गर्ने जनशक्ति उत्पादन गर्ने किसिमको शिक्षा नीति बनाइनुपर्छ । नेपाललाई विश्वस्तरको शिक्षाको गन्तव्य बनाउने गरी शिक्षा नीति तर्जुमा गरिनुपर्छ ।

२. प्रारम्भिक बाल विकासलाई कार्यक्रमका रूपमा विकास गरी विद्यालय संरचनाअन्तर्गत ल्याउनु हुँदैन । यसलाई अभिभावक र स्थानीय निकायको जिम्मेवारीमा राख्नुपर्छ । यसलाई स्वेच्छिक बनाउनुपर्छ । प्रारम्भिक बाल विकासलाई शिक्षा मन्त्रालयअन्तर्गत नराखी सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत राखी ५ वर्षभन्दा मुनिका बालबालिकाको हेरचाह, पोषण तथा स्वास्थ्यको जिम्मेवारी अन्य मन्त्रालयसँगको सहकार्यमा सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालय र सोअन्तर्गतका निकायहरूबाट नै गराइनुपर्छ । प्रारम्भिक बाल विकास केन्द्रको भौतिक संरचना तथा वातावरण शुद्ध, स्वस्थकर, सुरक्षित हुनुपर्छ । बालबालिकाको स्वास्थ्य तथा सुरक्षामा पूर्णतः ध्यान दिइएको हुनुपर्छ । यस्ता केन्द्रमा सहजीकरण गर्ने सहयोगी कार्यकर्तालाई कम्तीमा प्रचलित कानुनबमोजिम न्यूनतम् ज्याला अनुसारको आर्थिक सुविधा दिइनुपर्छ ।

३. आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य बनाइनुपर्छ । अनिवार्य शिक्षाका लागि राज्यको दायित्व बढाउनुपर्छ । निःशुल्क शिक्षा सशर्त होइन, निसर्त हुनुपर्छ । सामुदायिक विद्यालयमा मात्र होइन संस्थागत विद्यालयमा पनि निःशुल्क आधारभूत शिक्षा उपलब्ध गराउनुपर्छ । भर्ना शुल्क, परीक्षा

शुल्क, शिक्षण शुल्क र निःशुल्क पाठ्यपुस्तकले मात्र निःशुल्क शिक्षाको दायरा ओगट्न सक्दैन । आधारभूत शिक्षामा कुनै पनि बहानामा कुनै किसिमको शुल्क लिनु हुँदैन । अनिवार्य बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सम्बन्धी कानुनी व्यवस्था गर्नु पर्दछ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा अभिभावक, स्थानीय निकाय, केन्द्रीय सरकारको भूमिका र दायित्वलाई कानुनमा नै स्पष्ट गर्नुपर्दछ । आधारभूत तहको शिक्षालाई निःशुल्क तथा अनिवार्य बनाइएपछि विद्यालय पठाउन नसक्ने परिवारका लागि अवसरको मूल्य हुनुपर्दछ । विद्यार्थी सङ्ख्याका आधारमा एक शिक्षक, दुई शिक्षक, तिन शिक्षक हुने किसिमका साना साना विद्यालय र सहरी तथा सहरोन्मुख क्षेत्रमा ठुला विद्यालय निर्माण गर्नुपर्दछ । ठुला विद्यालयमा दुई हजारदेखि चार हजारसम्म विद्यार्थी अध्ययन गर्ने, एक सयभन्दा बढी शिक्षक रहने, विद्यार्थी आवतजावतका लागि विद्यालयको बस व्यवस्था हुने, ठुलो खेल मैदान, अडिटोरियम हल, शौचालय, फराकिला भवनको व्यवस्था हुने गरी आधारभूत शिक्षामा राज्यको लगानी बढाउनुपर्दछ । विद्यालय बाहिर बालबालिका नहुने प्रबन्ध गर्नुपर्दछ ।

४. माध्यमिक शिक्षालाई साधारण, संस्कृत र प्राविधिक धारमा विभाजन गर्नुपर्छ । माध्यमिक तहको शिक्षालाई ९-१२ मात्र नबनाई प्राविधिक विषयमा कक्षा (९-१२) +१ पनि बनाउनुपर्छ । एकीकृत माध्यमिक विद्यालय सञ्चालनका लागि विद्यालयको व्यवस्थापन, प्रधानाध्यापक, दैनिक कार्य सञ्चालन, लेखा प्रणाली, कार्य योजना पनि एकीकृत गर्नुपर्छ । सबै विद्यालयलाई कक्षा १२ सम्म सञ्चालन गर्नु आवश्यक हुँदैन । आवश्यकता र नक्साङ्कनका आधारमा मात्र कक्षा १० सञ्चालन भएका विद्यालयलाई १२ सम्म लैजानु पर्छ । विद्यालय तहमा एक व्यावसायिक विषयलाइ अनिवार्य गर्नुपर्छ । सहरी तथा सहरोन्मुख क्षेत्रमा ठुला विद्यालय निर्माण गर्नुपर्दछ । ठुला विद्यालयमा दुई हजारदेखि चार हजारसम्म विद्यार्थी अध्ययन गर्ने, एक सयभन्दा बढी शिक्षक रहने, विद्यार्थी आवतजावतका लागि विद्यालयको बस व्यवस्था हुने, ठुलो खेल मैदान, प्रयोगशाला, पुस्तकालय, कार्यशाला, अडिटोरियम हल, शौचालय, फराकिला भवनको व्यवस्था हुने गरी माध्यमिक शिक्षामा राज्यको लगानी बढाउनु पर्दछ । प्राविधिक शिक्षाका लागि आवश्यक पूर्वाधार उपलब्ध गराउनुपर्छ । तोकिएका मापदण्ड पुरा गरेका संस्थागत विद्यालयलाई पनि प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति दिनुपर्छ । प्राविधिक शिक्षाको अनुगमन र नियमन नियमित र स्पष्ट हुनुपर्छ । माध्यमिक विद्यालय सञ्चालनको मुख्य दायित्व स्थानीय निकायलाई दिनु पर्छ । कक्षा १० र १२ को अन्त्यमा सार्वजनिक परीक्षा सञ्चालन गर्ने र कक्षा ९ र ११ को अन्त्यको परीक्षा विद्यालयलाई नै सञ्चालन गर्न दिनुपर्छ । माध्यमिक तहको शिक्षा लागत साझेदारीमा सञ्चालन हुनुपर्छ । आधारभूत शिक्षा पुरा गरेका तर माध्यमिक शिक्षामा आउन नसकेका व्यक्तिका लागि लक्षित छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

५. साक्षरतालाई विद्यालय शिक्षासँग आवद्ध गर्ने, साक्षर अभियानमा साक्षर भएका व्यक्तिका लागि सामुदायिक अध्ययन केन्द्रमार्फत् निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्ने, आधारभूत साक्षरताका कार्यक्रम विद्यालयमार्फत सञ्चालन गर्ने, साक्षरोत्तर तथा निरन्तर शिक्षाका कार्यक्रम स्थानीय

निकायमार्फत् सञ्चालन गर्ने, साक्षरतालाई सरकारी सेवा सुविधा प्राप्तिको मुख्य आधार बनाउने, निरक्षर जनसङ्ख्या भएका क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि र मोबाइल फोनको प्रयोग गरी साक्षर बनाउने, यस्ता स्थानमा घुम्ती साक्षरताका कार्यक्रम सञ्चालन गर्ने, साक्षरताका कार्यक्रम मातृभाषाबाट सुरु गरी राष्ट्रभाषा नेपालीमा लैजाने, वर्तमान साक्षरताका नमुनामा परिमार्जन गरी सिपसँग आबद्ध गर्ने, साक्षरता तथा निरन्तर शिक्षालाई जनजीविकासँग सम्बन्धित बनाउने, सामुदायिक केन्द्रलाई स्रोत साधन सम्पन्न बनाएर स्थानीय स्तरको शिक्षा, स्वास्थ्य, व्यावसायिक शिक्षा आदिको मुख्य केन्द्र बनाउने, शिक्षा मन्त्रालयको प्राविधिक सहयोगमा सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालयमार्फत् साक्षरता कार्यक्रम सञ्चालन गर्ने, वैकल्पिक विद्यालयको सञ्चालन एकद्वार प्रणालीमार्फत् गर्ने जस्ता नीतिगत सुधार आवश्यक छ ।

६. प्राविधिक शिक्षाको धारलाई माध्यमिक शिक्षाबाट सुरु गर्नुपर्छ । आधारभूत शिक्षाको कक्षा ६-८ मा साधारण व्यावसायिक शिक्षा (सफ्ट स्किल) को अवधारणा दिनुपर्छ । माध्यमिक तहको कक्षा ९ र १० मा प्राविधिक शिक्षाको विषय छनोट र छानिएका विषयको अभिमुखीकरण गर्ने कार्य गर्नुपर्छ । एसएलसी उत्तीर्णका लागि १५ महिने र अनुत्तीर्णका लागि २९ महिने प्राविधिक एसएलसीका अलावा अक्षराङ्क पद्धतिमा डि र इ अक्षरमा उत्तीर्ण भएका विद्यार्थीलाई १५ महिने प्राविधिक शिक्षा उपलब्ध गराउनुपर्छ । कक्षा १२ मा विज्ञान विषय उत्तीर्ण गरेका विद्यार्थीलाई इन्जिनियरिङ, चिकित्साशास्त्र, वन, कृषि, पशु विज्ञान अध्ययनका लागि प्रतिस्पर्धात्मक छनोट गर्नुपर्छ । साधारण शिक्षाबाट प्राविधिक शिक्षामा जानका लागि निश्चित कोर्स अध्ययन गर्नुपर्ने र प्राविधिक शिक्षाबाट साधारण शिक्षामा जाने व्यवस्था गरिनुपर्छ । उद्योग तथा औद्योगिक प्रतिष्ठानहरूलाई प्राविधिक शिक्षा सञ्चालन गर्न प्रोत्साहित गर्नुपर्छ । प्राविधिक शिक्षा अध्ययन गर्न चाहनेका लागि प्रतिस्पर्धात्मक परीक्षामार्फत छात्रवृत्तिलगायत सहुलियत ऋण उपलब्ध गराउनुपर्छ । श्रम बजार र श्रम शक्ति सूचना प्रणालीको स्थापना गरी व्यवस्थापन गर्नुपर्छ । प्राविधिक शिक्षा सञ्चालनमा स्थानीय निकाय, स्थानीय उद्योग तथा औद्योगिक प्रतिष्ठानको सहभागिता प्रवर्धन गरिनुपर्छ । राष्ट्रिय प्राविधिक योग्यता ढाँचा तयार गर्नुपर्छ । विद्यालय तहभन्दा माथिको प्राविधिक शिक्षा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदमार्फत र स्नातक तथा स्नातकोत्तर तहको पठन पाठन विश्व विद्यालयहरू माफत् सञ्चालन गर्नुपर्छ ।



व्यावसायिक तालिम सञ्चालन गर्ने विभिन्न निकायहरूलाई समन्वय गर्ने व्यवस्था हुनुपर्छ । व्यावसायिक तालिमलाई जनजीविकासँग सम्बन्धित गर्नुपर्छ । देशलाई आवश्यक हुने र विदेशमा उपयोग हुने किसिमका व्यावसायिक तालिम उपलब्ध गराउनुपर्छ । गरिबीको रेखामुनिको जनसङ्ख्यालाई निःशुल्क व्यावसायिक तालिम उपलब्ध गराउनुपर्छ । परम्परागत सिपलाई आधुनिकीकरण गर्ने र यस्ता सिपलाई स्थलगत प्रमाणीकरण गर्ने व्यवस्था गर्नुपर्छ । राष्ट्रिय व्यावसायिक योग्यता ढाँचाको निर्माण गरी स्तरोन्नति हुने व्यवस्था मिलाउनुपर्छ ।

७. शिक्षक उत्पादनको जिम्मेवारी विश्व विद्यालयलाई दिइनुपर्छ । कम्तीमा स्नातक उत्तीर्ण व्यक्तिलाई दुई वर्षको शिक्षक तयारी कोर्स लिएपछि मात्र शिक्षक हुन योग्य बनाइनुपर्छ । शिक्षा शास्त्र र अन्य

अध्ययन संस्थान र संकायका उत्पादनलाई शिक्षक हुनका लागि शिक्षक तयारी कोर्स लिन अनिवार्य बनाइनुपर्छ । शिक्षा शास्त्रबाट हुने उत्पादनलाई तालिमको मान्यता नदिई न्यूनतम् योग्यताको रूपमा लिने नीति हुनुपर्छ । विस्तारै स्नातक योग्यता हुनेले मात्र शिक्षा शास्त्रको स्नातक तह अध्ययन गर्ने प्रावधान राखीनुपर्छ । शिक्षण अध्यापन अनुमति पत्रलाई नेपाल शिक्षक परिषद् गठन गरी सोहीमार्फत परीक्षा सञ्चालन गर्ने र प्रणाणित गर्ने व्यवस्था हुनुपर्छ । अध्यापन अनुमति पत्रलाई स्थायी प्रकृतिको नबनाइ आवधिक रूपमा नवीकरण गर्ने व्यवस्था हुनुपर्छ । शिक्षकको छनोट प्रक्रियालाई विकेन्द्रित गरी स्थानीय निकायअन्तर्गत आयोग गठन गरी सिफारिस गर्ने व्यवस्था हुनुपर्छ । विश्व विद्यालयका अब्बल तथा प्रतिभाशाली विद्यार्थीलाई शिक्षण पेसामा आकर्षित गर्न सिधै शिक्षक नियुक्ति गर्ने व्यवस्था हुनुपर्छ । शिक्षण पेसालाई मर्यादित तथा आकर्षित बनाउन समान तहको अन्य पेसाको तलब भत्ताभन्दा बढी दिने व्यवस्था गर्नुपर्छ । शिक्षक विकासको काम हालको शैक्षिक जनशक्ति विकास केन्द्रलाई स्तरोन्नति गरी शैक्षिक जनशक्ति विकास प्रतिष्ठान बनाई जिम्मा दिनुपर्छ । यो प्रतिष्ठान अर्ध स्वायत्त निकाय हुनुपर्छ । यसले अनुभव, योग्यता र तालिमका आधारमा गैर प्राज्ञिक उपाधि दिन पाउने व्यवस्था हुनुपर्छ । शिक्षक नियुक्त भएका नवप्रवेशीलाई कम्तीमा ६ महिनाको सेवा प्रवेश तालिम दिएर मात्र शिक्षकमा पदस्थापना गर्ने व्यवस्था हुनुपर्छ । शिक्षकको निरन्तर पेसागत विकासका लागि माग र आपूर्तिमा आधारित फरक फरक तालिम सञ्चालन गर्नुपर्छ । हरेक श्रेणीमा कम्तीमा ३० दिनको सेवाकालीन तालिम लिने व्यवस्था गरिनुपर्छ । सेवा प्रवेश पूर्वको तालिमलाई पदोन्नतिमा नजोडिकन सेवा प्रवेशपश्चात हरेक श्रेणीमा लिने तालिमको उपलब्धिका आधारमा पदोन्नतिमा तालिमको अङ्क जोड्ने व्यवस्था हुनुपर्छ ।

शिक्षक व्यवस्थापनको जिम्मेवारी केन्द्रीय तहमा नीतिगत तवरले शिक्षा विभागले गर्ने र स्थानीय तहमा स्थानीय निकायलाई दिनुपर्छ । शिक्षकको दरबन्दी केन्द्रीय हुनुपर्छ तर यसको व्यवस्थापन स्थानीय हुनुपर्छ । कुनै जिल्लामा बढी भएको दरबन्दी शिक्षा विभागले देशको जुनसुकै जिल्लामा पठाउन सक्ने हुनुपर्छ । आधारभूत तहमा विद्यार्थी सङ्ख्या र माध्यमिक तहमा विषय र विद्यार्थी सङ्ख्याका आधारमा शिक्षकको दरबन्दी, पदस्थापन र सरुवा हुनुपर्छ । विभिन्न प्रकारका शिक्षकको व्यवस्थालाई अन्त्य गर्दै एकै किसिमका शिक्षक, नियमित पदपूर्ति, आवधिक बढुवा प्रक्रिया, निश्चित समयमा सरुवा गर्नुपर्छ । शिक्षकको एक तहदेखि अर्को तहमा हुने बढुवामा विद्यार्थीको उपलब्धिलाई मुख्य आधार बनाइनुपर्छ । योग्य र मेहनती शिक्षकलाई छोटो बाटोबाट पदोन्नतिको अवसर दिनुपर्छ । देशमा उपलब्ध नयाँ, जोसिला र मेहनती उम्मेदवारलाई शिक्षकमा प्रवेश गराउनका लागि शिक्षकको स्वैच्छिक अवकाश योजनालाई आकर्षक रूपमा लागु गर्नुपर्छ ।

८. नीतिगत दस्तावेजमा मात्र सीमित रहेको आधारभूत तथा माध्यमिक शिक्षाको वर्गीकरणलाई कानुनी दायरामा ल्याउनुपर्छ । माध्यमिक तहमा प्राविधिक धारलाई संस्थागत गरी आवश्यक पूर्वाधार विकास गरी सीमित विषयमा मात्र कक्षा १२ सम्म पुऱ्याउनुपर्छ । प्राविधिक शिक्षालाई कक्षा १२ सम्म पुऱ्याउँदा १२ कक्षापछि १ वर्ष थप गर्नुपर्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का आङ्गिक शिक्षालयको विस्तार गरी प्राविधिक एसएलसी, डिप्लोमा तहका पठन पाठनलाई

सघन बनाउनुपर्छ । कक्षा १० पछिका विद्यालयका लागि सेवा क्षेत्र तोकिनुपर्छ । सेवा क्षेत्रभित्रका अभिभावकले सरकार/स्थानीय निकायको स्वीकृतिमा मात्र आफ्नो सेवा क्षेत्रबाहिरका विद्यालयमा बालबालिका पठाउन पाउने व्यवस्था गर्नुपर्छ । दुर्गम र भौगोलिक विकटता भएका क्षेत्रमा साना साना विद्यालय, एक वा दुई शिक्षकको व्यवस्था गर्ने बाहेक तराई, सहर र सहरोन्मुख क्षेत्रमा ठुला ठुला सामुदायिक विद्यालयको अवधारणा कार्यान्वयन गर्नुपर्छ । चौडा भवन, फराकिला कक्षा कोठा, फराकिलो खेल मैदान र चौर, दुई तिन हजार विद्यार्थी, एक सय जति शिक्षक, ठुलो पुस्तकालय, आवश्यक प्रयोगशाला भएका विद्यालय निर्माण गर्नुपर्छ । साना साना र थोरै विद्यार्थी भएका विद्यालयहरूलाई आपसमा गाभ्नुपर्छ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:३० बनाउनुपर्छ ।

राष्ट्रिय योग्यता ढाँचामार्फत् विद्यालय तथा विश्व विद्यालयको विद्यार्थीको योग्यतामा समन्वय ल्याउनुपर्ने, मूल्याङ्कन प्रणालीलाई विद्यालयहरू तथा विश्व विद्यालयहरूबिच निश्चित मापदण्डका आधारमा समन्वय गर्नु पर्ने, केन्द्रबाट स्वीकृति लिएर मात्र बहु पाठ्य पुस्तक लागु गर्नुपर्ने, विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा शिक्षा नीति तथा कार्यक्रममा सुधार गर्नुपर्ने, सामुदायिक विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय स्तरमा विद्यालय, अभिभावक तथा शिक्षकहरूले प्रारम्भ गरेका असल अभ्यासलाई सरकारका तर्फबाट सबलीकरण गर्नुपर्ने, विद्यालय व्यवस्थापनको जिम्मेवारी विद्यालय व्यवस्थापन समितिलाई दिने र विद्यालय व्यवस्थापन समिति स्थानीय निकायमार्फत् गठन गर्नुपर्ने, विद्यालय सञ्चालनको प्रमुख व्यक्ति प्रधानाध्यापक हुनुपर्ने र प्रधानाध्यापकलाई अधिकार सम्पन्न बनाउनुपर्ने, विद्यालय सञ्चालनमा स्थानीय निकायको महत्त्वपूर्ण संलग्नता बढाउनुपर्ने र केन्द्रले सहजीकरण, अनुदान, नीतिगत सहयोग गर्नुपर्ने, विद्यालय सञ्चालनका न्यूनतम् मापदण्डको पालना हुनुपर्ने, नियम विपरीतका विद्यालय खारेज गर्नुपर्ने, देशले आवश्यक ठानेमा र देशभित्रका विश्व विद्यालयबाट सञ्चालन गर्ने कार्यक्रम नभएमा मात्र वैदेशिक शिक्षण संस्था खोल्न अनुमति दिने गरी नीति बनाउनुपर्छ ।

९. उच्च शिक्षा नीतिको व्यवस्था हुनुपर्ने, शिक्षा मन्त्रालयमा उच्च शिक्षा मात्र हेर्ने गरी उच्च शिक्षा महाशाखाको व्यवस्था गर्नुपर्ने, उच्च शिक्षालाई समन्वय गर्न उच्च शिक्षा विभागको स्थापना गर्नुपर्ने, खुला विश्व विद्यालयको स्थापनाका लागि कानुनी, संरचनागत र नीतिगत व्यवस्था गर्नुपर्ने, उच्च शिक्षाको गुणस्तर र सञ्चालनको नियमन गर्न उच्चस्तरीय संरचनाको व्यवस्था गर्नुपर्ने, विदेशी शिक्षण संस्थाहरूसँग आवद्ध भई सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूलाई नियमन गर्नुपर्ने, अनुसन्धानलाई उच्च शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्दै लैजानुपर्ने जस्ता नीतिगत व्यवस्था गरी सबलीकरण गर्नुपर्छ ।

## निष्कर्ष

शिक्षा नीति छिरलिएको अवस्थामा छ । कतिपय नीति त आवधिक बजेट वक्तव्यमा पनि उल्लेख भएको पाइन्छ । नीति देशको जनताप्रतिको प्रतिबद्धता हो । यसका शब्द र वाक्यले सरकारले अगाडि बढाउने

कार्यक्रमलाई मार्ग दर्शन गर्छ । विद्यमान नीतिहरूमा शिक्षाका सम्बन्धमा उल्लिखित सन्दर्भ प्रशस्त भए पनि पर्याप्त भने होइनन् । एकमुष्ट नीतिको अभावले कुन नीति कहाँ छ र त्यसले के भन्छ भन्ने कुराको खोजी गर्न नै कठिन छ । विद्यमान नीतिले देशको शिक्षाको आवश्यकता, जनताको चाहना, राज्यको दायित्वलाई पुरा गर्न सकेको पाइँदैन । यसर्थ, शिक्षा नीतिको पुनरवलोकनको जरुरी छ । छिरलिएको शिक्षाका नीतिहरूलाई एकीकृत गर्नु अति आवश्यक छ । माथि उल्लिखित सन्दर्भलाई मनन् गरी शिक्षा नीतिमा संशोधन, परिमार्जन र आवश्यक पर्दा परिवर्तन गर्नुपर्छ ।

## सन्दर्भ सामग्री


राष्ट्रिय योजना आयोग (२०७१), **तेरौँ योजना (२०७०/०७१-२०७२/०७३),** काठमाडौँ ।

शिक्षा मन्त्रालय (२०६६), **विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२), २०६६,** काठमाडौँ : शिक्षा मन्त्रालय ।